सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १५६ ♦ २०८० साल फागुन १४ गते सोमवार ♦ 26 Feb 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## मधेश प्रदेशमा कुपोषणको अवस्था भयावह



**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, महेन्द्रनगर**

मधेश प्रदेशमा कुपोषणको अवस्था भयावह रहेको छ । खानपानमा समावेशिता नहुँदा कुपोषण चुनौतीपूणर् बन्दै गएको विज्ञहरूले जनाएका छन् ।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले बर्दीबासमा आयोजना गरेको दुईदिने 'प्रदेशस्तरीय पोषण कार्यान्वयन समीक्षा तथा कार्यान्वयन गोष्ठी' ले मधेश प्रदेशको स्वास्थ्य स्थिति निकै दयनीय रहेको निष्कर्ष निकालेको छ ।

गोष्ठीमा स्वास्थ्य अवस्थाको जिल्लागत समीक्षाका क्रममा मधेश प्रदेशमा पाँच वर्षमुनिका २९ प्रतिशत बालबालिकामा पुड्कोपन, २७ प्रतिशतमा कम तौल, १० प्रतिशतमा ख्याउटेपना, ५१ प्रतिशतमा रक्तअल्पता रहेको तथ्याङ्क प्रस्तुत गरिएको थियो ।

यस प्रदेशका प्रजनन उमेरका महिलामा रक्तअल्पताको समस्या अझ टड्कारो देखिएको छ । यहाँका १५ देखि ४९ वर्ष उमेर समूहका ५२ प्रतिशत महिला एनिमिया (रक्तअल्पता) बाट प्रभावित छन् ।

यहाँ ४९ थरीका जातजातिको बसोबास छ तर उनीहरूले भिटामिन, प्रोटिन, कार्बोहाइड्रेड जस्ता अति आवश्यक पोषण तत्व समावेश भएका भोजनमा ध्यान नदिँदा अनेकन स्वास्थ्य समस्या देखा परेको जनाइएको छ ।

समाजमा एकातिर पत्रु खाना ( जङ्क फुड) को प्रभाव बढ्दै गएको छ भने अर्कोतर्फ नभएरभन्दा पनि खान नजानेर मधेशमा कुपोषण भयावह बन्दै गएको गोष्ठीका सहभागीको भनाइ थियो ।

मधेश प्रदेश स्वास्थ्य निर्देशक डा. राजीव झाको अध्यक्षतामा आयोजित गोष्ठीमा नीति तथा योजना आयोगका साझेदारी संस्थाहरू विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ, वर्ल्ड भिजन, प्रदेश स्वास्थ्य सचिव, मधेश प्रदेशका आठ वटै जिल्लाका स्वास्थ्य प्रमुख, फोकल पर्सन तथा नगर प्रमुखको सहभागितामा स्वास्थ्य अवस्थाबारे बृहत् छलफल गरिएको थियो ।

डा. झा भन्छन् , "मधेशमा पोषणयुक्त खानाको कमी छैन तर खान नजान्दा र पछिल्लो समय 'फास्ट फुड' प्रति बढ्दो आकर्षणले कुपोषण बढ्दै गएको छ ।" डा. झाका अनुसार यहाँ अशिक्षाले गर्दा व्यवहार परिवर्तन हुन सकेको छैन । आइरन चक्कीको कमी छैन तर चेतनाको कमीले सेवन नगरिदिँदा महिलामा रक्तअल्पता बढ्दो छ ।"

मधेशको पोषण अवस्था चिन्ताजनक हुनुमा नीतिगतदेखि सामाजिक सांस्कृतिक कारण रहे पनि आफू चोखिने र एकले

*बाँकी पृष्ठ २ मा*

## मधेसमा उन्नाइस लाख बालबालिकालाई दादुराविरुद्धको खोप

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, महेन्द्रनगर**



आइतबार सुरु दादुरा-रुबेलाविरुद्धको खोप अभियानअन्तर्गत सरकारले मधेश प्रदेशका आठ जिल्लाका १९ लाख ४७ हजार एक सय ४२ जना बालबालिकालाई खोप लगाइने भएको छ ।

जनकपुरधाम उपमहानगरपालिका- २३ स्थित श्रीराम लक्ष्मण राष्ट्रिय प्राथमिक विद्यालय केन्द्रबाट उपमहानगर प्रमुख मनोजकुमार साह र मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका प्रमुख डा राजीवकुमार झाले खोप अभियानको सुरुवात गरेका हुन् ।

त्यसअवसरमा निर्देशनालय प्रमुख झाले मधेस प्रदेशका आठ जिल्लामा नौ महिनादेखि १५ वर्ष उमेर समूहका १९ लाख ४७ हजार एक सय ४२ जनालाई खोप लगाइने बताए ।

राष्ट्रिय अभियानअन्तर्गत आइतबारदेखि आगामी चैत ७ गतेसम्म प्रदेशका एक सय ३६ पालिकाका सबै एक हजार ७१ वडामा ११ हजार ३ सय ४६ केन्द्रबाट खोप लगाउने व्यवस्था गरिएको झाले जानकारी दिए । त्यसका लागि १५ हजार पाँच सय ८४ खोप कार्यकर्ता र त्यति

*बाँकी पृष्ठ २ मा*

## विपन्न विद्यार्थीलाई छात्रवृति सहित स्नातक तहको शिक्षा लिने सुवर्ण अवसर

पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान बर्दिवास १ द्धारा गरिने छात्रवृति लागि वर्दिवास नगरपालिका भित्र स्थायी बसोबास गर्ने तपसीलका संस्थामा तपसील विषय अध्ययन गर्ने गरिब तथा जेहेन्दार छात्र छात्राले आफूले अध्ययन गर्ने शैक्षिक संस्था वा होटल विनायक प्रा.ली.को अफिसमा गई तत्काल फाराम भरि बुझाउनु हुन सम्बन्धीत सबैमा यो सुचना गरिएको छ।

तपसील

**श्री बर्दिवास जनता बहुमुखी क्याम्पस , विनायक होटल**

**सिट संख्या : २ जना (स्नातक तह)**

**फारम भर्ने अन्तिम मिति : २०८० फागुन ३० गते सम्म**

**सम्पर्क नं. : ९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५**

**श्री पदम समसेर खड्का स्मृति प्रतिष्ठान**

वर्दिवास, महोत्तरी


सम्पर्क नं.:९८५४०२०१०५, ९८४४०४५७४२, ९८०१९६०७९५

## सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

# शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
✓ फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# खोलाको पानी सुकेपछि कुलोबाट खेतमा सिँचाइ नहुँदा खेत कतै सुक्खा कतै खाली

**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, महेन्द्रनगर**

मिथिला नगरपालिका ५ बिश्रामपुर भन्दा उतरतर्फ औरही खोला आसपासको खेत दशकअघिसम्म सुक्खा समयमा पनि गहुँ खेतीले फाँट हरियो देखिन्थ्यो । कुलोमा ल्याएको खोलाको पानीले खेतमा सिँचाइ हुँदा किसान धान भित्र्याएपछि गहुँ, तेलहन बालीसँगै तरकारी उब्जाउँथे । तर अहिले यहाँको अवस्था फरक बनेको छ । कुलोमा खोलाको पानी छैन । खेतमा सिँचाइ नहुँदा कतै सुक्खा बनेको छ भने कतै खाली छ ।

कुलोबाट सहजै खेतमा आइपुग्ने खोलाको पानी सुकेपछि सिँचाइको विकल्प नहुँदा गहुँ हुर्किएर हरियो बनिसक्नु पर्ने बेला खेत बाँझै बनेको हो ।

फागुन दोस्रो सातासम्म हिउँदे वर्षा पर्खिरहेका किसान अन्यौलमा परेका छन् । उखु रोप्ने सिजन सुरु भइसक्दा समेत पानी नपर्दा किसान ट्याांकरमा पानी ओसारेर खेत भिजाउन थालेका छन् । मिथिला नगरपालिका ५ श्रीपुरका रोहित महतोले उखु लगाउन ट्यांकरले खेतमा पानी हाल्नु परेको बताए ।

समयमै उखु रोप्न इनारबाट खेत सिंचाइ गर्न पालो कुर्न थालेको दुई साता भयो । रोप्न तयार गरेको उखु घाम र हावाले सुक्न थालेको छ । छिमेकीको गहुँ सिँचाइ गर्नै इनार नपुगेपछि उखु लगाउन ट्यांकरबाट खेतमा पानी छर्किनु परेको रोहितले बताए । मधेशतिर सडकमा छर्किन र भोजमा खानेपानी ओसार्ने ट्यांकर यतिबेला खेतमा सिँचाइका लागि पानी ढुवानी गर्न प्रयोग भइरहेको छ ।

'आकाशबाट पानी परेको छैन । उखु रोप्न माटोमा चिसो (पानीको मात्रा) हुनुपर्ने । उखु लगाउने बेला भइसक्यो कुनै उपाय लगाउनै पर्छ । खेत खाली छाड्न पनि मिल्दैन,' रोहितले भने, 'औरही खोलाको मुहान सुकेपछि कुलोमा पानी नआएको १० वर्ष भयो । पछि सिँचाइ इनारबाट हुन थाल्यो । अहिले इनारमा समेत पानी छैन ।' अन्य विकल्प नभएपछि ट्याक्टरमा ट्यांकर जोडेर पानी छर्किनु परेको उनले बताए । बोरिङबाट पानी खरिद गरेर ट्यांकरले उखु रोप्ने खेतमा हाल्नु परेको उनले सुनाए ।

रोहितको खेतनजिकै ३-४ वर्षअघि सरकारी बजेटबाट बोरिङ जडान भए पनि सञ्चालन नहुँदै सुकेको छ । मिथिला नगरपालिका ५ मा पूर्वपश्चिम राजमार्ग भन्दा उतर तर्फ उखु रोप्न किसानलाई सिँचाइको समस्या भइरहेको हो । सिँचाइ अभावमा ट्यांकरले पानी छर्केर जेनतेन उखु रोप्नु परेको स्थानीय श्रीनरायण महतोले बताए ।

'एक बिग्हा खेतमा उखु रोप्न ६ ट्यांकर पानी खेतामा हाल्नु पऱ्यो,' श्रीनरायणले भने, 'आफ्नै इनार र ट्याक्टर हुनेलाई सस्तो छ । तर ट्याक्टर नहुनेलाई प्रति ट्यांकी २ हजारका दरले खर्च लाग्छ ।' एक ट्यांकर पानी भर्न बोरिङले २ सय रुपैयाँ लिने गरेको उनले बताए ।

मिथिला ५ को वडा कार्यालयले सिँचाइकालागि पानी ढुवानी गर्न ट्यांकर भाडामा लगाउने गरेको छ । स्थानीयले पनि वडा कार्यालयकै ट्यांकर खेतमा पानी हाल्न प्रयोग गरिरहेका छन् । वडा कार्यालयले प्रतिदिन ६ सय रुपैयाँ भाडा लिएर ट्यांकर भाडामा लगाउने गरेको छ ।

चुरेसँग जोडिएको खेतमा खोलाको पानी पछिल्लो १० वर्षयता आएको छैन । जथाभावी खोला उत्खनन्ले यस क्षेत्रमा पानीको मुहान मासिएको स्थानीयको भनाइ छ । मिथिला ५ का दुखिलाल महतो औरही खोलाको किनारमा रहेको खेतमा उखु रोप्न एक सातादेखि हेरक बिहान खेतमा पानी लगाउन पुग्छन् । वर्षा नहुँदा उखु रोप्न समस्या भएपछि इनारमा मोटर जडान गरी पानी लगाउन दिनहु जानु परेको छ ।

कुनैबेला औरही खोलाको पानी कुलोबाट आउदा खेत नै डुब्थ्यो । खोलाको पानीले डुब्ने खेतमा अहिले धुलो मार्न पानी छर्केर उखु रोप्ने तयारी हुँदै छ । खोलाको पानी लगाएर प्रतिकट्ठम चार मन धान सहित वर्षमा तीन बाली उब्जिने खेतमा सिँचाइ असुविधा भएपछि अचेल उखु रोप्न पनि बोकेर पानी ल्याउनु परेको छ ।

पर्याप्त पानी नहुँदा इनारबाट पाइप लगाएर आएको पानी छर्केर माटोको माथिल्लो भाग भिजाउने गरेको दुखिलालले बताए । 'नदीको पानी सुकेपछि उखु खेती गर्न पनि हम्मेहम्मे छ । सिंचाइको माध्यम खोला र इनार हो । मुहान सुकेपछि खेतमा सिंचाइ गर्न मोटर चलाउँदा इनार १ घण्टामै सुक्छ । इनारबाट दिनमा एक कट्ठा मात्रै सिंचाइ हुन्छ,' दुखिलालले भने ।

रातभरि इनारमा पानी जम्मा भएपछि बिहान एक घण्टा मोटर चल्दा इनार सुक्ने गरेको उनले बताए । मिथिला नगरपालिका श्रीपुरका ४२ वर्षीय लक्ष्मण यादव र बिश्रामपुरका ३२ वर्षीय प्रमोद शर्मा गहुँमा पानी लगाउन खेतमै बास बस्न थालेका छन् । पानी समयमा लगाउन नसक्दा गहुँका बोट सुक्न थालेका छन् । इनार बाट आलोपालो गरी मोटरले पानी लगाउन किसानहरु खेतमै बास बस्ने गरेका छन् । '४०-४५ मिनेट मोटर चल्दा इनार सुक्छ,' यादवले भने,'२-३ घण्टा मोटर बन्द गरेपछि पानी जम्मा हुन्छ । त्यसका लागि रातदिन खेलमा पालो कुर्नपरेको छ ।' सिंचाइ सुविधा पर्याप्त नहुदा धान काटेपछि अन्य खेती गर्न नसकेको उनीहरुको भनाइ छ ।

मिथिला नगरप्रमुख महेन्द्र महतोले औरही खोलामा हुने अबैध उत्खनन्का कारण इनार, बोरिङ र कुलो सुके पनि ट्यांकरले सिँचाइ गरेर उखु रोप्ने कुरा अस्वभाविक रहेको बताए ।

'ट्यांकरको पानीले उखु रोप्नु सम्भव छैन,' नगरप्रमुख महतोले भने, 'ट्यांकरमा बोकेर खेतमा पानी लगाउने कुरा सम्भव पनि होइन । यो एक-दुई जनाले सानो क्षेत्रफलमा यसरी खेती गरेको हुन सक्छ ।' विकृतिका कारण खोला सुक्दा यस क्षेत्रका किसानलाई समस्या भएको उनले स्वीकारे ।

मिथिला नगरमा सुक्खा भूमि भए पनि अधिकांश स्थानीय खेतीमै आश्रित रहेकाले सिंचाइकालागि डिप बोरिङको योजना अगाडि बढाएको उनले बताए । 'चालु वर्षमा पनि १७ वटा बोरिङका योजना छन् । नगरभित्र रहेको पुराना बोरिङ सञ्चालनको प्रक्रिया पनि अगाडी बढाइएको छ,' नगर प्रमुख महतोले भने ।

नगरपालिका कृषि शाखा अधिकृत सञ्जयकुमार महतोले नगर पालिकामा सिँचाइकालागि कार्यान्वयन भएका योजनाको विवरण शाखामा उपलब्ध नरहेको बताए । 'बोरिङ जडान भएको, जडान हुन बाँकी रहेको र सञ्चालन रहेको जानकारी कृषि शाखामा छैन,' उनले भने । नगर क्षेत्रमा १९ हजार हेक्टर खेतीयोग्य जग्गा मध्ये ३५ प्रतिशतमा मात्र सिंचाइ सुविधा पुगेको उनले बताए ।

## मधेसमा उन्नाइस लाख ...

नै सङ्ख्यामा स्वयंसेवक परिचालन गरिएको पनि उनले बताए ।

त्यस्तै, स्वास्थ्य निर्देशनालयमा १० मात्रा भएको दुई लाख ५१ हजार सात सय ९८ भाइल, २१ लाख ९४ हजार सिरिन्ज र २१ लाख ९६ हजार घोलक सिरिञ्ज नेपाल सरकारकार मार्फत प्राप्त भएको पनि जानकारी दिइयो ।

अभियान सफल पार्न सरकार बाट जिल्लास्तरमा कार्यक्रम खोप कार्यक्रम सञ्चालनका निम्ति रु छ करोड ८९ लाख १८ हजार र स्वास्थ्य निर्देशनालयलाई कार्यक्रम गर्न रु दुई लाख १३ हजार नौ सय प्राप्त भएको पनि निर्देशनालयले जनाएको छ ।

जनकपुरधाम उपमहानगर प्रमुख साहले मधेस प्रदेशका जिल्लाहरू दादुरारुबेलाको जोखिममा रहेकाले अभियानबाट लाभ लिन नगरबासीलाई आग्रह गरे ।

सरकारले सन् २०२६ सम्ममा नेपालबाट दादुरा रुवेला रोग उन्मूलन गर्ने लक्ष्यका साथ अभियान सुरु गरेकाले ढुक्कका साथ आफ्ना बालबालिकालाई नजिकको खोप केन्द्रमा लैजानसमेत आग्रह गरेको छ ।

यसैगरी, वडा नं २३ का अध्यक्ष राघबेन्द्र साहले आफ्नो वडामा रहेका लक्ष्यित दुई छ सय ५१ बालबालिकालाई खोप लगाउने बन्दोबस्त मिलाइएको बताए ।

तस्बीर : मटिहानी नगर पालिकामा दादुरा रुवेला विरुद्धको खोप अभियान कार्यक्रमलाई मेयर हरि प्रसाद मण्डलले निरीक्षण तथा अनुगमन गर्दै। फोटो : खबर दर्पण

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मिथुन-** समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट -** लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**सिंह -**सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या -** खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला -**समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक -**अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**धनु -** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मकर -**आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ-**मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मीन** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिवासमा मोडेल एग्रो भिलेजमा नमुना संरक्षित खेती प्रणालीबाट उत्पादन सुरु



**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, महोत्तरी**

बर्दिवास नगरपालिकाको महत्वकांक्षी योजना मेयर कृषि कार्यक्रम अर्न्तगत सञ्चालित मोडेल एग्रो भिलेजमा नमुना संरक्षित खेती प्रणालीबाट उत्पादन सुरु भएको छ । होल्याण्ड प्रविधिबाट नमुना खेती प्रणाली सुरु गरिएको सिल्भर लाइन मोडेल एग्रो प्रालिका प्रमुख साधुराम सिंह बस्नेतले बताए । यस्तो खेती प्रणाली नेपालमै पहिलो पटक अभ्यासमा आएको उनको दाबी छ ।

मोडेल एग्रो भिलेज बर्दिवासमा सुरु भएको हरितगृह (ग्रिन भिलेज)मा हरेक बोटविरुवा उत्पादनका लागि आवश्यक मौसम र वाताबरण मिलाउन सकिने अन्याधुनिक प्रविधि जडान गरिएको छ । एग्रो प्रा.लि.ले मोडेल एग्रो भिलेज भित्रको साढे सात विघा जग्गामा अहिले नर्सरी, अनुसन्धान केन्द्र निर्माणसँगै बेमौसमी तरकारी खेती सुरु गरेको बस्नेतले बताए ।

एग्रो प्रालिले बर्दिवास नगर पालिकासँग २० वर्षको सम्झौतापछि काम अघि बढाएको जनाएको छ । अहिले ४ विघा क्षेत्रमा अत्याधुनिक प्रविधि जडान गरी ४ वटा हरितगृह (ग्रिन हाउस) निर्माण भएका छन् । हरित गृहसंगै एउटा अध्ययन केन्द्र पनि एग्रो प्रालिले निर्माण गरेको छ । नेपालमै नयाँ र चाखलाग्दो प्रविधि भएकाले किसान र सरोकारवालाले हरितगृहको प्रविधि र उत्पादनलाई निकै उत्साहका साथ हेरेका बस्नेत बताउँछन् ।

झापादेखि नेपालका विभिन्न जिल्ला र पालिकाबाट हरितगृहमा उत्पादित विरुवाको माग भएको एग्रो प्रालिले जनाएको छ । नर्सरीमा अहिले तयारी अवस्थामा विभिन्न प्रजातिका फूल र तरकारीका विरुवा हुर्किरहेको बस्नेतले बताए । कुरिलो, ड्रयागन, तरकारी तथा विभिन्न प्रजातिका फूलको विरुवा अहिले तयारी अवस्थामा रहेको एग्रो प्रालिले जनाएको छ ।

हरेक प्रजातिका विरुवा उत्पादनका लागि आवश्यक मौसम र वाताबरण मिलाउन सकिने अन्याधुनिक प्रविधि जडान गरि बनाइएको ग्रिन हाउसमा जुनसुकै समय जस्तोसुकै विरुवा उत्पादन गर्न र बाली लगाउन सकिने बस्नेतले बताए ।

तरकारी, अन्नबाली उत्पादन तथा बिक्री र प्रदर्शन, हरितगृह निर्माण, बागबानी, शितभण्डार, माछापालन पोखरी, तरकारीको होलसेल केन्द्र, अध्ययन केन्द्र र कृषकलाई तालिम केन्द्र लगायतका सेवा रहने मोडेल एग्रो भिलेजमा हरितगृह संचालनमा आएसंगै किसान र स्थानीय उत्साहित भएका छन् ।

नेपालमै पहिलोपटक निकै राम्रो प्रविधि देख्न पाएको र सो प्रविधिको उच्चतम प्रयोग गर्न सके किसानले निकै फाइदा लिन सक्ने बर्दिवासका स्थानिय सुदर्शन काङ्गलेले बताए । जनताको जीवनसँग गाँसिएको प्रविधिमैत्री खेती प्रणालीलाई आत्मसाथ गर्नपर्ने उनले बताए ।

एग्रो भिलेजमा प्रवेश गरेपछि किसानले सबै सेवा एकैठाउँबाट प्राप्त गरुन भन्ने लक्ष्य सहित बर्दिवास नगरपालिकाले २०७५-०७६ गौरबको आयोजना भन्दै एग्रो भिलेजलाई अघि बढाएको थियो । २० वर्षमा सम्पूर्ण कसंरचना नगरको हुनेगरि सम्झौता गरेर काम गरिरहेको एग्रो प्रालिले हरितगृह बनाउँन साढे १४ करोड खर्च भइसकेको जनाएको छ ।

त्यसमा बर्दिवास नगरपालिकाले १७ लाख रुपैंया लगानि गरेको बस्नेतले जानकारी दिए ।


## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**नगराईन नगरपालिका, धनुषा**



## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।



**धनुषाधाम नगरपालिका, धनुषा**

## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीब्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र विद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र विद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

**लक्ष्मीनिया गाउँपालिका, धनुषा**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

**मिथिला नगरपालिका, धनुषा**

# क्षीरेश्वरनाथमा आज देखि प्रथम मदन भण्डारी राष्ट्रिय महिला हक्की प्रतियोगिताको आयोजना हुँदै




**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकामा भोली सोमवार देखि प्रथम मदन भण्डारी राष्ट्रिय महिला हक्की प्रतियोगिताको आयोजना हुने भएको छ।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा शुरु हुन लागेको प्रथम राष्ट्रिय महिला हक्की प्रतियोगितामा कूल ८ वटा राष्ट्रिय स्तरको टिमको सहभागिता रहने क्षीरेश्वरनाथ नगरपालिकाले आज महेन्द्रनगरमा आयोजना गरेको पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनमा क्षीरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादवले प्रतियोगिताको सफलताको कामना गर्दै सबैले यस प्रतियोगितालाई सफल बनाउन सबै क्षेत्रमा आफ्नो किसिमले सहयोग गरिदिनको लागि आग्रह गरे ।

प्रतियोगितामा कर्णाली बाहेक ६ प्रदेश, नेपाल सेना तथा आयोजक संस्था मदन भण्डारी स्पोर्टस् एकेडेमीका गरेर ८ टिमका १ सय ४४ जना महिला हक्की खेलाडीको सहभागिता रहने मदन भण्डारी स्पोर्टस् एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिए।

फागुन १९ गतेसम्म चल्ने प्रतियोगिताको पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले भोलि दिउँसो उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

खेलकुद मार्फत देशको प्रतिष्ठा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर मा बढाउनका आयोजना हुन लागेको प्रथम महिला हक्की प्रतियोगिता क्षीरेश्वरनाथ माध्यमिक विद्यालयको खेल मैदानमा हुने छ ।

प्रतियोगितामा प्रथम हुने टिमलाई १ लाख ५० हजार र कप, द्वितीय हुनेलाई कप सहित १ लाख र तृतीय हुने टिमलाई कपसहित ५० हजार नगद प्रदान गर्ने कार्यक्रम रहेको एकेडेमीका केन्द्रीय अध्यक्ष आचार्यले जानकारी दिए।

त्यस्तै, उत्कृष्ट खेलाडीलाई १० हजार र उमेन अफ दी म्याच हुनेलाई ५ हजार नगद प्रदान गरिने र प्रतियोगितामा ५६ लाख १३ हजार खर्च हुने अनुमान रहेको जनाएको छ ।

# बर्दिवासमा पहिचान र संस्कृति जगेर्ना गर्न जनजाति महोत्सवको आयोजना हुँदै




**खबर दर्पण समाचारदाता**

**फागुन १३ गते, बर्दिवास**

बर्दिवासमा फागुन २४ देखि चौँथो आदिवासी जनजाति महोत्सव हुने भएको छ । आदिवासी जनजातिको पहिचान र संस्कृति जगेर्ना गर्ने उद्देश्यले महोत्सव गर्न लागिएको नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्का अध्यक्ष धननारायण जोशीले जानकारी दिए ।

जिल्लामा बसोवास गरिरहेका ९ भन्दा बढी जनजातिको भेषभुषा, पहिरन र रहनसहन झल्काउने स्टल समेत महोत्सवमा राखिने आयोजकले बताएको छ ।

चैत ५ गतेसम्म चल्ने महोत्सवलाई एक लाख मानिसले अवलोकन गर्ने अपेक्षा राखिएको अध्यक्ष जोशीले बताए । महोत्सवमा स्थानीय उत्पादनका कृषि उपज सामाग्रीको प्रदर्शन गरिने र स्थानीय कला संस्कृतिको संरक्षण गर्न महोत्सवले भुमिका निर्वाह गर्ने उनले बताए ।

यसअघि ३ पटक बर्दिवासमा लागेको जनजाति महोत्सवले मधेसमा जनजातिको राम्रो पहिचान स्थापित गरेको समन्वय समितिका सचिव मनिष समालले बताए। भित्री मधेसमा आफ्नो भेषभुषा, पहिरन, कला संस्कृति के हो भनेर थाहा नपाउने ब्यक्तिले पनि अहिले हरेक आफ्ना पर्व तथा उत्सवहरुमा आफ्नो पहिरन लगाउनु महोत्सवको प्रभाव भएको समालले बताए ।

यसवर्ष महोत्सवबाट आर्जन भएको आम्दानी सामाजिक काममा लगाउने पनि आयोजकले बताएको छ । १३ लाख ५० हजारमा ठेक्का सम्झौता भएको महोत्सवबाट अधिकतम मूल्य बचाएर सामाजिक काम गर्ने लक्ष्य लिएको समितिका बरिष्ठ उपाध्यक्ष हर्क बहादुर लामाले बताए ।

१ सय ५० स्टल रहने महोत्सवमा जिल्लामा बसोबास भएका नेवार, तामाङ, मगर, थारु, भुजेल, धानुक, माझी, मण्डल लगायतको पहिचान सहितको स्टल रहने र महोत्सवमा जनजाति भाषाकै गीत संगीतमा प्रयोगिता समेत गराइने आयोजकले जनाएको छ ।


## विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

- सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
- सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
- तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
- सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
- बिद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
- बिद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
- सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

**विदेह नगरपालिका, धनुषा**

## सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं।

**एकडारा गाउँपालिका, महोत्तरी**

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा